# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भागः २ संख्या १७, मिति २०८३ भाद्र ०५ गते


**भाग–२**
**तिनाउ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०४।२९ को निर्णय बमोजिम संशोधन भएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## तिनाउ कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

### प्रस्तावना

तिनाउ गाउँपालिकाभित्र कृषि तथा पशुपन्छी व्यवसायलाई व्यवसायिक, उत्पादनमुखी, नाफामुखी, आधुनिक, प्रतिस्पर्धी तथा दिगो बनाई बाली उत्पादन तथा उत्पादकत्व वृद्धि,रैथाने बालिको संरक्षण तथा प्रवर्द्धन, उन्नत नश्लको प्रवर्द्धन, पशु आहारको उपलब्धता, पशु स्वास्थ्य तथा पशु कल्याणमा सुधार, कृषकको आयआर्जन तथा रोजगारी वृद्धि गर्ने उद्देश्यले संघीय सरकारबाट प्राप्त विशेष अनुदानलाई प्रभावकारी, पारदर्शी, समावेशी तथा परिणाममुखी रूपमा परिचालन गर्न आवश्यक भएकाले प्रचलित संघीय तथा प्रदेश कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित कानूनको अधीनमा रही यो कार्यविधि तयार गरिएको छ।

# परिच्छेद–१

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम **"तिनाउ कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** हुनेछ।

२. यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

३. यो कार्यविधि संघीय विशेष अनुदान अन्तर्गत स्वीकृत कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनमा लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

क. **"गाउँपालिका"** भन्नाले तिनाउ गाउँपालिका सम्झनुपर्छ।

ख. **"कार्यक्रम"** भन्नाले यस कार्यविधि अन्तर्गत सञ्चालन हुने परिच्छेद–३ बमोजिमको कार्यक्रमहरुलाई सम्झनुपर्छ।

ग. **"लाभग्राही"** भन्नाले कृषक, निजी फार्म, कृषक समूह वा कृषि सहकारी सम्झनुपर्छ।

घ. **"कृषक"** भन्नाले कृषि तथा पशुपन्छी पालन व्यवसायमा संलग्न व्यक्ति सम्झनुपर्छ।

ङ. **"निजी फार्म"** भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको कृषि तथा पशुपन्छी फार्म सम्झनुपर्छ।

च. **"कृषक समूह"** भन्नाले प्रचलित कानूनबमोजिम गठन तथा दर्ता भएको कृषक समूह सम्झनुपर्छ।

छ. **"कृषि सहकारी"** भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भई कृषि तथा पशुपन्छी क्षेत्रमा कार्यरत सहकारी संस्था सम्झनुपर्छ।

ज. **"अनुदान"** भन्नाले यस कार्यविधिको परिच्छेद ३ बमोजिमको उपलब्ध गराइने लागत सहभागितामा आधारित वा शतप्रतिशत कार्यक्रमगत सहायता सम्झनुपर्छ।

# परिच्छेद–२

### ३. उद्देश्य

यस कार्यक्रमका उद्देश्य देहायबमोजिम हुनेछन्–

क. कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

ख. व्यवसायिक कृषि तथा पशुपालन विस्तार गर्ने।

ग. उन्नत नश्लका पशुको प्रयोग तथा प्रवर्द्धन गर्ने।

घ. पशु आहार तथा घाँसमा आत्मनिर्भरता बढाउने।

ङ. रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन लाई जोड दिने।

च. वैज्ञानिक पशु आवास तथा पशु कल्याणमा सुधार गर्ने।

छ. पशु स्वास्थ्य तथा रोग नियन्त्रणमा सहयोग गर्ने।

ज. कृषि यान्त्रीकरण मार्फत कृषकको उत्पादन लागत घटाई आयआर्जन वृद्धि गर्ने।

झ. पशुपन्छी क्षेत्रमा रोजगारी सिर्जना गरी स्वरोजगार सिर्जना गर्ने।

ञ. संघीय विशेष अनुदानलाई उत्पादन तथा प्रतिफलसँग जोड्ने।

ट. मौसमि तथा वेमौसमि तरकारी खेतिलाई प्रोत्साहन गर्ने।

ठ. बजार माग अनुसार फलफुल खेतिलाई प्रवर्द्धन गर्ने।

### ४. कार्यक्रम सञ्चालनका माध्यम

कार्यक्रमको प्रकृति अनुसार कृषक, निजी फार्म, कृषक समूह, कृषि सहकारी वा गाउँपालिकाबाट प्रत्यक्ष रूपमा सञ्चालन गर्न सकिनेछ। साथै निजी फार्म, कृषक समूह, कृषि सहकारीलाई विशेष प्राथमिकता दिइनेछ।

### ५. सामान्य योग्यता

तिनाउ गाउँपालिकाभित्र कृषि/पशुपन्छी व्यवसाय सञ्चालन गरेको वा सम्बन्धित कार्यक्रम सञ्चालन गर्न आवश्यक आधार भएको, कार्यक्रमको न्यूनतम मापदण्ड पूरा गरेको र एउटै प्रयोजनमा दोहोरो सरकारी अनुदान नलिएको हुनुपर्नेछ।

### ६. कार्यक्रम सञ्चालनको आधार

स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट, संघीय विशेष अनुदानबाट स्वीकृत कार्यक्रम, प्रचलित कानून तथा यस कार्यविधिको आधारमा कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद–३

### ७. कृषि तथा पशुपन्छी कार्यक्रमगत क्रियाकलाप, मापदण्ड तथा अनुदान सीमा

#### ७.१ पशुपन्छीतर्फका कार्यक्रम

| सि.न. | कार्यक्रमको नाम | मुख्य कृयाकलाम | लाभग्राही/मापदण्ड | अनुदान सिमा |
|---|---|---|---|---|
| १ | गोठ/खोर सुधार कार्यक्रम | भुइँ सुधार, दाना–पानी डुँड, छाना, | • पशुपालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारी | ५०% |

| | | | | |
|---|---|---|---|---|
| | | गोबर तथा मूत्र व्यवस्थापन, मूत्र संकलन खाडल, नाली तथा सरसफाइ | हुनुपर्ने । | |
| २ | उन्नत जातको गाई खरिद | गाई खरिद, ढुवानी तथा वितरण | • पशुपालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारीले उन्नत जातको गाई पालन गर्ने उद्देश्यले आवेदन दिनुपर्ने।<br>• उपयुक्त गोठ तथा आवश्यक पूर्वाधार भएको हुनुपर्ने।<br>• गाईको अनिवार्य बिमा गर्नुपर्ने। | ५०% |
| ३ | उन्नत जातको भैंसी खरिद | भैंसी खरिद, ढुवानी तथा वितरण | • पशुपालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारीले उन्नत जातको भैंसी पालन गर्ने उद्देश्यले आवेदन दिनुपर्ने।<br>• उपयुक्त गोठ तथा आवश्यक पूर्वाधार भएको हुनुपर्ने।<br>• भैसिको अनिवार्य बिमा गनुपर्ने। | ५०% |
| ४ | उन्नत जातको बाख्रा खरिद | बाख्रा खरिद, ढुवानी तथा वितरण | • बाख्रापालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारी हुनुपर्ने।<br>• बाख्रा पालनका लागि उपयुक्त खोर तथा आवश्यक पूर्वाधार भएको हुनुपर्ने<br>• बाख्राको अनिवार्य बिमा गर्नुपर्ने।<br>• प्रति व्यक्ति कम्तिमा ३ वटा बाख्रा माग गर्नुपर्ने। गर्नुपर्ने। कृषि फर्म, कृषक | ५०% |

| | | | | |
|---|---|---|---|---|
| | | | समुह र कृषि सहकारीको सदस्यमा पनि सोहि बमोजिम लागु हुने। | |
| ५ | उन्नत जातको बोका खरिद | बोका खरिद, ढुवानी तथा वितरण | • बाख्रापालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारी हुनुपर्ने तथा उन्नत नश्ल सुधारका लागि बोका प्रयोग गर्ने व्यवस्था हुनुपर्ने।<br>• बोकाको अनिवार्य बिमा गर्नुपर्ने।<br>• कम्तिमा १५ वटा माउ बाख्रा भएको हुनुपर्ने । | ५०% |
| ६ | गोठ/खोर निर्माण | वैज्ञानिक तथा पशु कल्याणमैत्री गोठ/खोर निर्माण | • पशुपालन व्यवसाय सञ्चालन गरिरहेका वा व्यवसाय विस्तार गर्ने कृषक/फर्म/समूह/सहकारीले आवेदन दिन सक्ने।<br>• निर्माण हुने स्थानमा आवश्यक जग्गा तथा पूर्वाधार उपलब्ध हुनुपर्ने। | ५०% |
| ७ | चापकटर खरिद तथा वितरण | चापकटर खरिद, ढुवानी तथा वितरण | • पशुपालन व्यवसायमा संलग्न निजि फर्म/समूह/सहकारीलाई प्राथमिकता दिइने।<br>• मेसिनको नियमित सञ्चालन तथा संरक्षण गर्ने क्षमता भएको हुनुपर्ने।<br>• कम्तिमा ठुलो पशु २ वटा वा कम्तिमा १० वटा माउ बाख्रा हुनुपर्ने। | ५०% |
| ८ | वर्षिम घाँसको बीउ खरिद | प्रमाणित बीउ खरिद, ढुवानी तथा वितरण | • पशुपालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारीले | ७५% |

| | | | | |
|---|---|---|---|---|
| | | | घाँस खेती गर्ने प्रयोजनका लागि आवेदन दिनुपर्ने। घाँस खेतीका लागि उपयुक्त जमिन उपलब्ध हुनुपर्ने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने। | |
| ९ | जै घाँसको बीउ खरिद | प्रमाणित बीउ खरिद, ढुवानी तथा वितरण | • पशुपालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारीले घाँस खेती गर्ने प्रयोजनका लागि आवेदन दिनुपर्ने।<br>• घाँस खेतीका लागि उपयुक्त जमिन उपलब्ध हुनुपर्ने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने। | ७५% |
| १० | व्यवसायिक पशुपन्छी पालन तालिम | प्रयोगात्मक तथा सैद्धान्तिक वा दुवै | • पशुपन्छी पालन व्यवसायमा संलग्न वा व्यवसाय सञ्चालन गर्न इच्छुक कृषक/निजि फार्म/कृषक समुह/कृषि सहकारीलाई प्राथमिकता दिइने। | १००% |
| ११ | मासुको लागि पाडा खरिद | पाडा खरिद, ढुवानी तथा वितरण | • मासु उत्पादनका लागि पशुपालन गर्ने कृषक/फर्म/समूह/सहकारीले आवेदन दिन सक्ने। पशु पालनका लागि उपयुक्त गोठ तथा आवश्यक पूर्वाधार भएको हुनुपर्ने।<br>• पाडाको अनिवार्य विमा गर्नु पर्न। | ५०% |
| १२ | बंगुरको पाठापाठी खरिद | पाठापाठी खरिद, ढुवानी तथा वितरण | • बंगुरपालन व्यवसायमा संलग्न कृषक/फर्म/समूह/सहकारी हुनुपर्ने।<br>• उपयुक्त खोर तथा पालनका | ५०% |

| | | | | |
|---|---|---|---|---|
| | | | लागि आवश्यक पूर्वाधार भएको हुनुपर्ने।<br>• बंगुरको अनिवार्य विमा गर्नु पर्न।<br>• प्रति व्यक्ति कम्तिमा २ वटा वंगुरको पाठा-पाठी माग गर्नुपर्ने। कृषि फर्म, कृषक समुह र कृषि सहकारीको सदस्यमा पनि सोहि बमोजिम लागु हुने। | |
| १३ | पशुपन्छी उपचार शिविर | स्वास्थ्य परीक्षण, उपचार तथा रोग नियन्त्रण | • आवश्यकता तथा रोगको अवस्था अनुसार गाउँपालिकाले ठाउँ छनोट गरी संचालन गर्न सकिने। | १००% |
| १४ | काउ म्याट | खरिद, ढुवानी तथा वितरण | • व्यवसायिक गाईभैंसी पालन गर्ने कृषक/फर्म/समूह/सहकारी तथा कम्तिमा २ ठुला पशु सहित व्यवस्थित ढलान भएको गोठ हुनुपर्ने। | ५०% |
| १५ | काउ लिफ्ट | खरिद गरी गाउँपालिकामा भण्डारण तथा आवश्यकता अनुसार प्रयोग | • गाउँपालिका भित्र आवश्यकता अनुसार प्रयोग; प्रयोगको अभिलेख राख्नुपर्ने | १००% |
| १६ | पशु औषधि खरिद | खरिद, ढुवानी, सुरक्षित भण्डारण तथा प्राविधिक सिफारिस अनुसार वितरण | • तिनाउका कृषकको पशु उपचार तथा रोग नियन्त्रणमा प्रयोग | १००% |
| १७ | कार्यक्रम व्यवस्थापन खर्च | कार्यक्रम अनुगमन, मुल्याङ्कन तथा आवश्यकता अनुसारको अन्य | • कार्यक्रम संचालनको क्रममा गरिने अनुगमन मुल्याङ्कनमा खटिएका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रतिवेदनको | १००% |

| | | | | |
|---|---|---|---|---|
| | | सामाग्री खरिद | आधारमा नियमानुसार दैनिक भत्ता उपलब्ध गराउन सकिने साथै आवश्यक सामाग्री खरिद गर्न सकिने। | |

## ७.२ कृषि विकाश तर्फको कार्यक्रम

| सि.न. | कार्यक्रमको नाम | मुख्य कृयाकलाप | लाभग्राही/मापदण्ड | अनुदान सिमा |
|---|---|---|---|---|
| १ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्री(बिउ बिजन, प्लास्टिक टनेल, मल्चिङ्ग प्लास्टिक, स्प्रेयर टंकी १६ लिटर(साधारण,इलेक्ट्रिक) को खरिद, ढुवानी, तथा वितरण | ✓ यस कार्यक्रम अन्तर्गत कृषक,कृषक समुह/ कृषि सहकारी / निजि फर्महरु समाबेश हुन् सक्ने ।<br>✓ कृषक समुह / कृषि सहकारी (सामुहिक रुपमा) को हकमा कम्तिमा ३० रोपनी खेति गर्नु पर्ने<br>✓ एकल रुपमा खेति गर्दा कम्तिमा ५ रोपनी खेति गर्नु पर्ने । | ५०% |
| २ | फलफूल खेती प्रवर्द्धन कार्यक्रम | बीउ बेर्ना खरिद तथा वितरण | ✓ यस कार्यक्रम अन्तर्गत कृषक/ कृषक समुह/ कृषि सहकारी / निजि फर्महरु समाबेश हुन् सक्ने ।<br>✓ समुह/सहकारीको एक सदस्यले कम्तिमा २५ बोट लगाउनु पर्नेछ ।<br>✓ एकल रुपमा खेति गर्दा कम्तिमा २५ बोट लगाउनु पर्नेछ । | ५०% |
| ३ | आलु बाली प्रवर्द्धन कार्यक्रम | आलु बीउ, स्प्रेयर टंकी १६ लिटर (साधारण,इलेक्ट्रिक) | ✓ यस कार्यक्रम अन्तर्गत कृषक/ कृषक समुह/ कृषि सहकारी / निजि फर्महरु | ५०% |

| | | | | |
|---|---|---|---|---|
| | | खरिद, ढुवानी, तथा वितरण | समाबेश हुन् सक्ने ।<br>✓ कृषक समुह / कृषि सहकारी (सामुहिक रुपमा) को हकमा कम्तिमा २० रोपनी खेति गर्नु पर्ने<br>✓ एकल रुपमा खेति गर्दा कम्तिमा ५ रोपनी खेति गर्नु पर्ने | |
| ४ | रैथाने बाली संरक्षण तथा प्रवर्द्धन | वीउ बिजन, जैविक मल, जैविक बिषादी, आदि खरिद, ढुवानी, वितरण | ✓ यस कार्यक्रम अन्तर्गत कृषक/ कृषक समुह/ कृषि सहकारी / निजि फर्महरु समाबेश हुन सक्ने ।<br>✓ कृषक समुह / कृषि सहकारी (सामुहिक रुपमा) को हकमा कम्तिमा १० रोपनी खेति गर्नु पर्ने<br>✓ एकल रुपमा खेति गर्दा कम्तिमा २ रोपनी खेति गर्नु पर्ने | ५०% |
| ५ | यान्त्रीकरण तर्फ | मिनीटिलर (हाते ट्रेक्टर),थ्रेसर मेशिन खरिद तथा बितरण | ✓ यस कार्यक्रम अन्तर्गत कृषक /कृषक समुह/ कृषि सहकारी / निजि फर्महरु समाबेश हुन् सक्ने ।<br>✓ व्यवसायिक रुपमा तरकारी,फलफुल,खाद्यान्न तथा दलहन खेति गरेको हुनुपर्ने ।<br>✓ यन्त्र औजार प्राप्त गर्ने सेवाग्रहिले प्रचलित दरभाउ अनुसार अन्य कृषकहरुलाई सुलभ मुल्यमा सेवा प्रदान गर्नु पर्नेछ ।<br>✓ कार्यालयले तोकेको स्पेसिफिकेशन अनुसार खरिद गर्नु पर्नेछ । | ५०% |
| ६ | स्थायी संरचना | स्थायी टनेल निर्माण | ✓ यस कार्यक्रम अन्तर्गत कृषक | ५०% |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण | | /कृषक समुह/ कृषि सहकारी / निजि फर्महरु समावेश हुन् सक्ने ।<br>✓ व्यवसायिक रुपमा तरकारी तथा फलफुल खेति गरेको हुनुपर्ने ।<br>✓ कार्यालयले तोकेको स्पेसिफिकेशन तथा प्राबिधिक स्टिमेट अनुसार निर्माण गर्नु पर्नेछ । | |
| ७ | माटो परीक्षण तथा प्रयोगशाला | मिनी स्वायल ल्याबको लागि आवश्यक सामग्री खरिद | ✓ प्रचलित कानुन बमोजिम मिनी स्वायल ल्याब स्थापना गरि गाउँपालिकाको स्वामित्वमा संचालन गर्नुपर्ने | १००% |
| ८ | आई.पी.एम.कृषक पाठशाला | यस कार्यविधि अनुसार बिषयगत बाली उत्पादन/प्रवर्द्धन कार्यक्रममा सहभागी भएका कृषक समुह/कृषि सहकारी मात्र समाबेश गरि कार्यक्रम संचालन गर्नु पर्ने । | ✓ कृषक पाठशालामा सहभागी हुने कृषकहरुलाई स्टेशनरी तथा खाजा उपलब्ध गराउनु पर्नेछ।<br>✓ यस कार्यक्रमको लागी आवश्यक पर्ने जग्गाको भाडा खर्च , तयारी खर्च, ब्येहोर्नुका साथै विउ विजन, मलखाद्य ,रसायनिक विषदी तथा अन्य वस्तु खरिद गर्नु पर्नेछ ।<br>✓ आई. पी. एम.को सिद्धान्तमा कृषक पाठशाला संचालन गर्नु पर्नेछ ।<br>✓ पाठशाला संचालनार्थ सहजकर्ताको पारिश्रमिक पालिकाको नियमानुसार हुनेछ । | १००% |

| | | | | |
|---|---|---|---|---|
| ९ | बाली उपचार शिविर | ✓ यस कार्यक्रम अन्तर्गत शिविर संचालन गर्दा एक स्थानमा बढीमा दुई दिन संचालन गर्नु पर्ने ।<br>✓ बालीको समस्या अनुसार निःशुल्क विषादी/प्राविधिक सल्लाह सुझाव दिनु पर्ने । | ✓ क्षेतिको सम्भाव्यता आकलन गरि क्षेति भएको वा क्षेति हुन सक्ने सम्भावित क्षेत्र पहिचान गरि कार्यक्रम संचालन गर्नु पर्ने ।<br>✓ क्षेतीग्रस्त बालीनालीको नमुना संकलनको विधि बारे अग्रीम जानकारी गराउनु पर्ने ।<br>✓ बालीको समस्या पहिचान गरि निराकरणको लागी उपलब्ध सेवा/प्रविधिक सुझाव सल्लाह दिने | १००% |
| १० | कृषक तालिम | ✓ कृषकको अवश्यकता तथा मागको आधारमा तालिम कार्यक्रम संचालन गरिने छ,<br>✓ तालिम कार्यक्रममा कृषक सहभागिता २५ भन्दा बढी हुने छैन् | ✓ तालिम कार्यक्रम सैद्धान्तिक तथा प्रयोगातमक वा दुबै हुन सक्नेछ, | १००% |
| ११ | कार्यक्रम व्यवस्थापन खर्च | कार्यक्रम अनुगमन, मुल्याङ्कन तथा आवश्यकता अनुसारको अन्य | कार्यक्रम संचालनको क्रममा गरिने अनुगमन मुल्याङ्कनमा खटिएका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रतिवेदनको आधारमा नियमानुसार | १००% |

| | | | | |
|---|---|---|---|---|
| | | सामाग्री खरिद | दैनिक भत्ता उपलब्ध गराउनु सकिने साथै आवश्यक सामाग्री खरिद गर्न सकिने। | |

# परिच्छेद–४

## लाभग्राही छनोट तथा आवेदनसम्बन्धी व्यवस्था

**८. सूचना प्रकाशन**

गाउँपालिकाले कार्यक्रम सञ्चालनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ। सामान्यतया कम्तीमा १५ दिनको समय दिइनेछ।

**९. आवेदन दिने**

कार्यक्रमको प्रकृति अनुसार कृषक, निजी फार्म, कृषक समूह तथा कृषि सहकारीले आवेदन दिन सक्नेछन्।

**१०. आवश्यक कागजात**

क। निर्दिष्ट फर्मेटमा माग निवेदन।

ख। समुह⁄ सहकारी⁄ फर्म को हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी  - थान १

ग। कृषक समुह⁄कृषि सहकारी⁄कृषि फर्म को हकमा पान दर्ता प्रमाण पत्रको प्रतिलिपी थान -१

घ। सम्बन्धीत वडा कार्यालयको सिफारिस- थान १

ङ। कृषक समुह⁄कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी थान -१

च। भौतिक विकासको लागि लालपुर्जाको प्रतिलिपी वा भाडामा भए सम्झौता पत्रको प्रतिलिपी वा ऐलानि जग्गा भए वडाको सिफारिस-१ थान

**११. प्रारम्भिक छनोट**

सम्बन्धित कृषि विकास शाखा/पशु सेवा शाखाले कार्यक्रमगत मापदण्ड परीक्षण गरी प्रारम्भिक सूची तयार गर्नेछ।

**१२. छनोट समिति**

आवश्यकता अनुसार गाउँपालिकाले लाभग्राही छनोट समिति गठन गर्न सक्नेछ।

**१३. छनोटका आधार**

व्यवसायिक अनुभव, उत्पादन क्षमता, कार्यक्रमको आवश्यकता, व्यवसाय विस्तारको सम्भावना, लागत सहभागिता, रोजगारी, बजार सम्भावना तथा समावेशी सहभागितालाई आधार बनाइनेछ वा कार्यपालिका निर्णय बमोजिम लाभग्राहि छनोट गर्न सकिने छ।

**१४. स्थलगत निरीक्षण**

आवश्यकताअनुसार प्राविधिक कर्मचारीबाट स्थलगत निरीक्षण गरी कार्यक्रम कार्यान्वयनको सम्भाव्यता यकिन गरिनेछ।

## परिच्छेद–५

## सम्झौता, कार्यान्वयन तथा भुक्तानी

**१५. सम्झौता**

छनोट भएका लाभग्राहीसँग गाउँपालिकाले निर्धारित ढाँचामा सम्झौता गर्नेछ तथा आवश्यक अनुसार गाउँपालिकाले सम्झौताको ढाँचा हेरफेर गर्न सक्नेछ।

**१६. लाभ ग्राहीको योगदान**

अनुदान प्रतिशत भन्दा बाँकी रकम लाभग्राहीले व्यहोर्नुपर्नेछ।

**१७. कार्य सम्पादन अवधि**

सम्झौतामा तोकिएको अवधिभित्र कार्यक्रम सम्पन्न गर्नुपर्नेछ।

**१८. खरिद तथा कार्यान्वयन**

स्वीकृत लागत अनुमान, प्राविधिक मापदण्ड तथा सम्झौता बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

**१९. भुक्तानीको आधार**

प्राविधिक प्रतिवेदन, बिल/भरपाई, खरिद प्रमाण, बीमा प्रमाणपत्र तथा अन्य आवश्यक कागजातका आधारमा भुक्तानी गरिनेछ।

**२०. भुक्तानी विधि**

अनुदान रकम लाभग्राहीको बैंक खातामा बैंकिङ प्रणाली मार्फत भुक्तानी गरिनेछ।

**२१. पशु खरिदको भुक्तानी**

गाई, भैंसी, बाख्रा, ब्याड बोका, पाडा तथा बंगुर खरिदमा प्राविधिक परीक्षण तथा अनिवार्य बीमा पूरा भएपछि मात्र भुक्तानी गरिनेछ।

## परिच्छेद–६

## कृषि तथा पशुपन्छी कार्यक्रमको प्राविधिक व्यवस्था

**२२. कृषि सामग्रीको गुणस्तर**

बीउ, बिरुवा, मल, जैविक विषादी तथा अन्य कृषि सामग्री प्रचलित मापदण्डअनुसार गुणस्तरीय हुनुपर्नेछ।

**२३. कृषि यन्त्र**

मिनिटिलर, थ्रेसर तथा अन्य यन्त्रको खरिद प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा स्वीकृत प्राविधिक स्पेसिफिकेशन अनुसार हुनेछ।

**२४. कृषि संरचना**

टनेल तथा अन्य संरचना स्वीकृत प्राविधिक डिजाइन, लागत अनुमान तथा मापदण्डअनुसार निर्माण गर्नुपर्नेछ।

**२५. पशु खरिद**

पशु स्वस्थ, रोगमुक्त तथा कार्यक्रमले तोकेको उमेर र उत्पादन/प्रजनन क्षमताको हुनुपर्नेछ।

**२६. बीमा**

कार्यक्रम अन्तर्गत बीमा अनिवार्य तोकिएका पशुहरूको प्रचलित व्यवस्था बमोजिम बीमा गर्नुपर्नेछ।

**२७. पशु औषधि**

पशु औषधि प्रचलित कानून तथा प्राविधिक सिफारिस अनुसार खरिद, भण्डारण तथा प्रयोग गरिनेछ।

## परिच्छेद–७

**२८. अनुगमन, मूल्याङ्कन तथा नियन्त्रण**

**क.** कृषि तथा पशु सेवा शाखाले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।

**ख.** कृषि संरचना, यन्त्र, बाली, पशु खरिद, गोठ/खोर, घाँस खेती तथा अन्य प्राविधिक विषयमा सम्बन्धित प्राविधिकबाट निरीक्षण गरिनेछ।

**ग.** कार्यक्रमको प्रगति, समस्या, उपलब्धि तथा सुधार गर्नुपर्ने विषय समेटी प्रतिवेदन तयार गरिनेछ।

**घ.** एउटै प्रयोजन, एउटै संरचना, एउटै पशु, एउटै यन्त्र वा सामग्रीमा दोहोरो सरकारी अनुदान लिन पाइने छैन।

**ङ.** झुट्टा विवरण पेश गरेको वा सम्झौताबमोजिम कार्यक्रम सञ्चालन नगरेको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम रकम असुलउपर तथा कारबाही गरिनेछ।

**च.** अनुदानबाट खरिद गरिएको पशु सम्झौतामा तोकिएको अवधिसम्म बिक्री वा अन्यत्र हस्तान्तरण गर्न पाइने छैन। मृत्यु, हराएमा वा क्षति भएमा सम्बन्धित शाखालाई जानकारी गराउनुपर्नेछ।

**छ.** आवेदन, सम्झौता, खरिद, अनुगमन, भुक्तानी, पशु विवरण, बीमा, कृषि सामग्री तथा यन्त्र वितरणलगायतका अभिलेख व्यवस्थित राखिनेछ।

## परिच्छेद–८

**२९. खरिद, सार्वजनिक सेवा तथा कार्यक्रम व्यवस्थापन**

क. गाउँपालिकाबाट प्रत्यक्ष रूपमा गरिने खरिद प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा नियमावली बमोजिम हुनेछ

ख. काउ लिफ्ट गाउँपालिकाको स्वामित्वमा रहनेछ र आवश्यकता अनुसार कृषकलाई प्रयोगका लागि उपलब्ध गराउन सकिनेछ।

ग. आवश्यकता, रोगको अवस्था तथा उपलब्ध बजेटका आधारमा उपचार शिविर सञ्चालन गरिनेछ।

घ. कृषि तथा पशुपन्छीसम्बन्धी तालिम माग, आवश्यकता तथा स्वीकृत बजेटका आधारमा सञ्चालन गरिनेछ।

ङ. मिनिटिलर, थ्रेसरलगायतका यन्त्रको उपयोग, संरक्षण तथा सञ्चालनसम्बन्धी अभिलेख राखिनेछ।

च. स्वीकृत बजेटमा व्यवस्था भएबमोजिम कार्यक्रम व्यवस्थापन तथा समन्वय सम्बन्धी खर्च गर्न सकिनेछ।

## परिच्छेद–९

# विविध

**३०. बजेटको सीमा**

प्रत्येक कार्यक्रम स्वीकृत वार्षिक बजेट तथा संघीय विशेष अनुदानबाट स्वीकृत रकमको सीमाभित्र सञ्चालन हुनेछ।

**३१. विशेष अनुदानका शर्त**

संघीय सरकारबाट विशेष अनुदानसम्बन्धी शर्त वा निर्देशन प्राप्त भएमा सोहीबमोजिम कार्यक्रम सञ्चालन गरिनेछ।

**३२. अधिकार प्रत्यायोजन**

गाउँ कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही आवश्यक अधिकार सम्बन्धित शाखा वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३३. बाधा अड्काउ फुकाउने**

कार्यविधि कार्यान्वयनमा बाधा वा अस्पष्टता उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**३४. संशोधन**

आवश्यकता र अनुभवका आधारमा गाउँ कार्यपालिकाले कार्यविधिमा संशोधन वा परिमार्जन गर्न सक्नेछ।

**३५. प्रचलित कानूनबमोजिम हुने**

यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछन्।

**३६. खारेजी तथा बचाउ**

क) यस कार्यविधिसँग बाझिने स्थानीय निर्णय वा व्यवस्था बाझिएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ।

ख) तिनाउ कृषि तथा पशुपंक्षी ब्वयसाय प्रवद्धन कार्यक्रम कार्यविधि, २०८२ खारेज भएको छ ।

## अनुसुची (१)
## सुचनाको ढाँचा

आ.ब .........तिनाउ गाउँपालिकाको संघीय विशेष अनुदानको स्वीकृत **तिनाउ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन** कार्यक्रम अन्तर्गत संचालन हुने तपशिल बमोजिमको कार्यक्रममा सहभागी हुनको लागी योग्यता पुगेका कृषि/पशुपंक्षि पालक कृषक/निजि फर्म/ कृषक समुह/कृषि सहकारी ले तपशिलमा उल्लेखित कागजात सहित सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन यसै सुचना मार्फत सम्बन्धीत सम्पूर्णमा जानकारी गराइन्छ ।

तपसील :-

१. अनुसूची २ बमोजिमको निवेदन -थान १
२. कृषक समुह/कृषि सहकारी/निजि फार्म को दर्ता प्रमाण पत्रको प्रतिलिपी - थान १
३. सम्बन्धीत वडा कार्यालयको सिफारिस- थान १
४. कृषक समुह/कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी थान -१
५. कृषक समुह/कृषि सहकारी/कृषि फर्म को हकमा पान दर्ता प्रमाण पत्रको प्रतिलिपी थान -१
६. भौतिक संरचनाको लागि लालपुर्जाको प्रतिलिपी वा भाडामा भए सम्झौता पत्रको प्रतिलिपी वा ऐलानि जग्गा भए वडाको सिफारिस-१ थान

.......................................

प्रमुख प्रशासकीय अधिकृत

नोट :-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

**अनुसूची-२**

निबेदनको ढाँचा (कृषि विकास तर्फ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु                                                   मितिः-

तिनाउ गाउँपालिका दोभान,पाल्पा

बिषय :- कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

महोदय्

उपरोक्त सम्बन्धमा यस तिनाउ गाउँपालिकाको कार्यालयले मिति ....................गतेको प्रकाशित सूचना वमोजिम यस गाउँपालिका को ..............कृषि विकास शाखा मार्फत संचालन हुने ..........................................................................कार्यक्रममा सहभागी हुनको लागी म /हाम्रो संस्था...............................ले सुचनामा उल्लेख भएको कागजात सहित यो निवेदन पेश गर्दछु/गर्दछौं ।

निवेदक

नामः-

ठेगानाः-

सम्पर्क नं.-

सहिछापः-

संलग्न कागजातहरु

१. अनुसूची २ बमोजिमको निवेदन -थान १
२. कृषक समुह/कृषि सहकारी/निजि फार्म को दर्ता प्रमाण पत्रको प्रतिलिपी - थान १
३. सम्बन्धीत वडा कार्यालयको सिफारिस- थान १
४. कृषक समुह/कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी थान -१
५. कृषक समुह/कृषि सहकारी/कृषि फर्म को हकमा पान दर्ता प्रमाण पत्रको प्रतिलिपी थान -१
६. भौतिक संरचनाको लागि लालपुर्जाको प्रतिलिपी वा भाडामा भए सम्झौता पत्रको प्रतिलिपी वा ऐलानि जग्गा भए वडाको सिफारिस-१ थान

नोट :कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

निबेदनको ढाँचा(पशु शाखा तर्फ)

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
तिनाउ गाउँपालिका दोभान,पाल्पा ।

बिषय :- कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

उपरोक्त सम्बन्धमा यस तिनाउ गाउँपालिकाको मिति ....................गते को प्रकाशित सूचना बमोजिम आ.व. २०८३/०८४ को संघिय विशेष अनुदानको तिनाउ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम अतर्गतको निम्म कार्यक्रममा म/मेरो/हाम्रो ......................................................... (समुह/सहकारी/फर्म) सहभागी हुन इच्छुक भएको हुनाले तपशिल अनुसाको माग तथा आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु।

तपशिल

| सि.न. | कार्यक्रमहरु | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | खोर/गोठ सुधार कार्यक्रम | | |
| २ | खोर/गोठ निर्माण कार्यक्रम | | |
| ३ | उन्नत जातको गाई खरिद | | |
| ४ | उन्नत जातको भैसि खरिद | | |
| ५ | उन्नत जातको बाख्रा खरिद | | |
| ६ | उन्नत जातको बोका खरिद | | |
| ७ | चापकटर | | |
| ८ | बर्षिम घास विउ खरिद | | |
| ९ | जै घाँस विउ खरिद | | |
| १० | मासुको लागी पाडा प्रर्वद्धन कार्यक्रम | | |
| ११ | वंगुरको पाठा-पाठी खरिद | | |
| १२ | काउ म्याट खरिद | | |
| १३ | व्यावसाईक पशुपन्छी पालन तालीम | | |

निवेदक

नामः-
ठेगानाः-
फोनः-

**(अनुसुची -३)**

## कार्यक्रम मुल्यांकनको ढांचा

प्रस्ताव मुल्यांकन आधारहरु

(क) प्रस्ताव मुल्यांकनका आधारहरु (प्रारम्भिक मुल्यांकन)

सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा यस तिनाउ गाउँपालिका ................ शाखाले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागी छनौट गर्नु पर्ने ।

प्रस्ताव मुल्यांकनका आधारहरु (स्थलगत निरिक्षण मुल्यांकन)

आवेदक संस्थाको नाम :-

सम्पर्क व्यक्ति र नम्बर :-

प्रस्तावित कार्यक्रमको नाम :-

कार्यक्रम संचालन स्थलको ठेगाना :-

| क्र.सं. | मूल्याङ्कनको आधार | अधिकतम अंक | प्रासङ्क |
|---|---|---|---|
| १ | व्यवसायिक अनुभव | १५ | |
| २ | उत्पादन क्षमता/पशु संख्या/क्षेत्रफल | १५ | |
| ३ | व्यवसाय विस्तारको सम्भावना | १५ | |
| ४ | प्रस्तावित कार्यक्रमको आवश्यकता | १५ | |
| ५ | कृषकको लागत सहभागिता | १० | |
| ६ | रोजगारी तथा आयआर्जन सम्भावना | १० | |
| ७ | बजारको सुनिश्चितता | १० | |
| ८ | प्राविधिक पक्ष/पशु कल्याण/जैविक सुरक्षा | ५ | |
| ९ | महिला/युवा/समावेशी सहभागिता | ५ | |
| | जम्मा | १०० | |

नोटः मुल्यांकन मापदण्डको कुल अंकको कम्तीमा ४०% अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनौटका लागी प्राथमिकता सुचीमा समावेश गरिनेछ ।

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

नोटः-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

**( अनुसुची -४)**

## सम्झौता पत्र

मितीः

तिनाउ गाउँपालिका दोभान,पाल्पा..........................(नाम,ठेगाना टोल)(यस पछि दोस्रो पक्ष भनिने) र तिनाउ गाउँपालिका दोभान,पाल्पा ................शाखा (यसपछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजम को शर्त पालना गर्ने गरि। यो सम्झौता अनुसार हस्ताक्षर गरी एक⁄ एक प्रति लियौ/दियौ ।

१.) सम्झौता गर्ने पक्ष

क) तिनाउ गाउँपालिका अन्तर्गतको कृषि फर्म⁄कृषक समूह⁄कृषि सहकारी बाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधी

१. नाम :-

२.प्रतिनिधत्व गर्ने समूह⁄सहकारी :-

३. ठेगानाः

ख) कार्यक्रम स्थलको विबरण

तिनाउ गाउँपालिका वडा नं.

कार्यक्रम कार्यान्वयन अवधि

१. शुरु हुने मिती :-

२. सम्पन्न हुने मिती :-

कार्यक्रम अन्तर्गतको संचालन हुने क्रियाकलाप सम्बधि विवरण

क)कार्यक्रमको नामः

ख)कार्यक्रमको किसिमः

ग)कार्यक्रम को कुल लागत रु.

१.कार्यालयको अनुदान रकम रु.

२.कन्टेन्जेन्सी रकम रु.

३.समुहले व्यहोर्ने रकम रु.

घ)कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१. कृषक परिवार संख्या

२. समूदाय

दलित( )

जनजाति( )

सम्झौताका शर्तहरु

१ यो सम्झौता पत्र तिनाउ गाउँपालिका दोभान,पाल्पाको .......................................................कार्यक्रम कार्यान्वयन गर्न तिनाउ गाउँपालिका वडा नः...................... अन्तर्गतको ...........................................................कृषक समुह⁄कृषि सहकारी⁄कृषि/पशुपन्छी फार्म र तिनाउ गाउँपालिका बीच प्रयोग गरिनेछ ।यस कृषि/पशुपन्छी फार्म ⁄कृषक समुह ⁄कृषि सहकारीमा देहाय वमोजिम स्पेशिफिकेसन⁄स्टीमेट अनुसारको पूर्वाधार निर्माण

/मेसिनरी उपकरण सामग्री खरिद एवं व्यावस्थापन गरिने छ ।

२ दोस्रो पक्षले यस कार्यक्रम संचालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको अनुदान प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चत गर्नु पर्नेछ ।

३ दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै समुहको स्रोत बाहेक अन्य कुनै सरकारी , गैह सरकारी, संघ सँस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा तिनाउ गाउँपालिका कृषि शाखा लाई जानकारी गराउनु पर्नेछ ।

४ दोस्रो पक्षले कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्दा तिनाउ गाउँपालिका कृषि विकास शाखाले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

५ दोस्रो पक्षले कार्यक्रम अन्तर्गत संचालन भएको क्रियाकलापहरुको कार्य सम्पन प्रतिवेदन सम्वन्धित प्राविधिकवाट तयार गरी /गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयवाट अनुमोदन गराए पश्चात मात्र सम्झौता वमोजिमको अनुदान रकम समुहको खाता/सम्बन्धीत अपुर्तिकर्तालाई भुक्तानी दिइनेछ ।

६ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु......................।अक्षरेपी (................................ )रुपैया मा नबढने गरि नियमानुसारले कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरि दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्भौता वमोजिमको पुर्वाधार निर्माणका लागी सामाग्री आपुर्तीकर्ता/मेशिनरी उपकरण आपुर्तीकर्ता लाई सोझै भुक्तानी दिन सक्ने छ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नु पर्नेछ ।

७ दोस्रो पक्षको लापरबाहिको कारणबाट कार्य सम्पादन नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेबार सम्बन्धीत सहकारी/समुह/फार्मको हुनेछ ।

८ दोश्रो पक्षले यो सम्झौता बमोजिमको कामकारवाही व्यवसायिक योजना इष्टिमेट अनुसार सम्पन्न गरी कार्यक्रम संचालनमा ल्याउनु पर्नेछ ।

९ दोश्रो पक्षले कार्यक्रम सम्पन्न भैसके पछि फोटोहरु कम्तिमा भुक्तनिको लागि पेश गरिने बिल भर्पाइका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

१० दोस्रो पक्षले लिइएको अनुदान रकम कार्यक्रममा प्रयोग नगरी हिनामिना भएको भेटिएमा वा हेलचक्रइको कारणबाट हानी नोक्सानी भएमा प्रचालित नियम कानुन बमोजिम दिएको अनुदान रकम दोस्रो पक्षबाट असुल गरिने छ ।

११ तिनाउ गाँउपालिका कृषि शाखा बाट निरिक्षणमा जाने प्राविधिकलाई निरिक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

१२ कार्य सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ ।

१४ निर्माणकार्य अथवा यस सम्बन्धि दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा तिनाउ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कनुन बमोजिम

हुनेछ ।

१६ दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तनी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

१७ सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचालित कानुन अनुसार हुनेछ ।

१८ स्थानिय आवश्यकता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ।

१९ अन्या कुनै बुँदामा थपघट गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा गरिने छ ।

२० संलग्न फारमहरु

क) परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) परियोजनाबाट प्रत्येक्ष समान्वित हुने समूह/कृषकहरुको नामवली विवरण

रोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनि दस्तखत गर्ने

म पक्षको तर्फबाट

म थरः

ःप्रमुख प्रशासकीय अधिकृत

तखतः ............................

ति :-

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम : | नाम : |
| पदः | पदः |
| दस्तखत | दस्तखत |

दोश्रो पक्षको तर्फबाट

| कृषि फार्म/कृषक समुह/सहकारी/वन/जल उपभोक्त सम्झौता गर्नेअधिकारिक प्रतिनिधि |
|---|
| नामः |
| प्रतिनिधत्व गर्ने कृषि फार्म/कृषक समुह/कृषि सहकारीको नामः |
| ठेगानाः |
| दस्तखत : |
| संस्थाको छापः |

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम : | नाम : |
| पदः | पदः |
| दस्तखत | दस्तखत |

नोट :-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

आज्ञाले,
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका